कटारी नगरपालिका
स्थानीय राजपत्र

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, उदयपुर
नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) बमोजिम मिति २०८१।१०।१४ गतेको
कटारी नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको कटारी नगर प्रज्ञा-प्रतिष्ठान ऐन २०८१ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

# कटारी नगर प्रज्ञा-प्रतिष्ठान ऐन २०८१

**प्रस्तावनाः** कटारी बहुजातीय, बहुभाषिक र बहु साँस्कृतिक स्थान भएकोले यहाँका सबै जातिका भाषा, साहित्य तथा संस्कृतिलाई संरक्षण, संवर्द्धन र विकास गर्नु पर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य,कला, संस्कृति, दर्शन तथा समाजको अनुसन्धान,ज्ञान, विज्ञान र प्रविधि एवं मौलिक सृजनाका माध्यमद्धारा समाजोपयोगी कृतिहरु तया गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजीम कटारी नगरपालिकाको नगर सभाले पारित गरी यो ऐन लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम कटारी नगर प्रज्ञा-प्रतिष्ठान ऐन २०८१ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी दफाहरुमाः–

(क) 'ऐन' भन्नाले कटारी नगर प्रज्ञा-प्रतिष्ठान ऐन २०८१ सम्झनु पर्छ ।
(ख) 'प्रतिष्ठान' भन्नाले कटारी नगर प्रज्ञा-प्रतिष्ठानलाई सम्झनु पर्छ ।
(ग) 'सभा' भन्नाले कटारी नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।
(घ) कार्य समिति' भन्नाले प्रतिष्ठानको कार्य समितिलाई सम्झनुपर्छ ।
(ङ) 'कार्यपालिका' भन्नाले कटारी नगर कार्यपालिकालाई सम्झनुपर्छ ।
(च) 'प्रमुख' भन्नाले कटारी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।
(छ) 'उप प्रमुख' भन्नाले कटारी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।
(ज) 'प्रमुख प्रशासकिय अधिकृत' भन्नाले कटारी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।
(झ) 'सदस्य' भन्नाले परीषद्का र कार्यसमितिका सदस्यलाई जनाउछ । सो शब्दले उपाध्यक्ष, सदस्य सचिव र पदेन सदस्यहरु समेतलाई जनाउनेछ ।
(ञ) 'अध्यक्ष' भन्नाले कटारी नगर प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्छ ।
(ट) 'उपाध्यक्ष' भन्नाले कटारी नगर प्रज्ञा-प्रतिष्ठानको उपाध्यक्ष सम्झनु पर्छ ।
(ठ) 'सचिव' भन्नाले कटारी नगर प्रज्ञा-प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।
(ड) 'प्रतिवेदन' भन्नाले यो ऐन बमोजिम सदस्यले आफ्नो क्षेत्रमा भए गरेको प्रगतिको सम्बन्धमा दिने प्रतिवेदन सम्झनु पर्छ ।
(ढ) 'बौद्धिक संपति' भन्नाले ज्ञान र विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजा सम्झनु पर्छ ।
(ण) 'बौद्धिक बैंक' भन्नाले ज्ञान र विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजालाई वैधानिक तवरले संरक्षण गर्ने कार्य सम्झनु पर्छ ।
(त) 'भाषा' भन्नाले भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पुर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ ।
(थ) 'संस्कृति' भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ ।
(द) 'विज्ञान प्रविधि' भन्नाले अवलोकन, प्रयोग र अध्ययनबाट प्राप्त व्यवस्थित र वैज्ञानिक ज्ञानको व्यावहारिक प्रयोग गरी उपकरण वा प्रणालीको विकास गर्ने कार्यलाई संझनुपर्छ ।
(ध) 'कला' भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला,वास्तुकला,ल
(न) 'साहित्य' भन्नाले राष्ट्रका हरेक भाषाका गद्य पद्यमा सृजित विविध विधा, श्रव्य, दृश्य, लिखित एवं मौखिक लोकवार्ता समेतलाई सम्झनु पर्दछ ।

(प) 'पाठक सदस्य' भन्नाले पुस्तकालय प्रयोगका लागि पाठक सदस्यता लिएका व्यक्ति वा संस्था भन्ने सम्झनुपर्दछ ।

(फ) 'पदाधिकारी' भन्नाले प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सचिव र सदस्य समेतलाई सम्झनु पर्दछ ।

(ब) 'तोकिएको वा तोकिए बमोजिम भन्नाले यो ऐन र यो ऐनका दफाहरु अन्तर्गतको नियम, निर्देशिका वा कार्यविधि बमोजिम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रज्ञा-प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य, अधिकार र सङ्गठानिक संरचना

**३. कटारी नगर प्रज्ञा-प्रतिष्ठानको स्थापना:** (१) कटारी नगरपालिकाको सबै भाषा, साहित्य,कला, संस्कृति, दर्शन तथा समाजको अनुसन्धान,ज्ञान, विज्ञान र प्रविधि एवं मौलिक सृजनाको संरक्षण, सम्वर्द्धन र विकास गर्ने काम समेतको लागि यस ऐनमा भए बमोजीम कटारी नगर प्रज्ञा-प्रतिष्ठान नामको एक प्रज्ञा-प्रतिष्ठान स्थापना गरिने छ ।

(२) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको कार्यालय कटारी नगरपालिकामा रहनेछ ।

(३) कटारी नगर प्रज्ञा-प्रतिष्ठान नगरपालिका प्रति उत्तरदायी संस्था हुनेछ ।

(४) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(५) प्रज्ञा-प्रतिष्ठानले कार्यपालिकाले निर्णय गरे बमोजीम चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

**४. प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रज्ञा-प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कटारी नगरपालिकाको **अल्पसङ्ख्यक र लोपोन्मुख भाषा,जाती** र सबै भाषा, साहित्य, संस्कृति सम्बन्धि विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने, गराउने ।

(ग) आवश्यकता अनुसार विदेशी भाषाबाट कटारी नगरपालिकाको सबै भाषा र कटारी नगरपालिकाको भाषाबाट विदेशी भाषामा उच्च स्तरीय कृतिहरुको अनुवाद एवं प्रकाशन गर्ने, गराउने ।

(घ) भाषा, साहित्य, संस्कृतिका सम्बन्धमा स्थानीय ,प्रदेश,राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको गोष्ठि, सभा सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने ।

(ङ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजशास्त्रका विभिन्न विषयमा हुने राष्टिय अन्तराष्ट्रि सम्मेलन, प्रवचन, गोष्ठि, विचार विमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने ।

(च) भाषा, साहित्य, संस्कृतिका उत्थान र संरक्षणको विषयमा विभिन्न संघ संस्थाहरुसँग सम्बन्ध राख्ने,

(छ) भाषा, साहित्य,संस्कृतिका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(ज) भाषा, साहित्य, संस्कृतिका विकासको निमित्त सम्बन्धित विषयका विद्वान, साहित्यकार एवं सामाजिक शास्त्रीको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भाव र समन्वय अभिवृद्धि गर्ने,

(झ) कटारी नगरपालिकाको विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको सम्वर्द्धन र संरक्षण गर्ने,

(ञ) कटारी नगरको लोक साहित्यको अध्ययन, अनुसन्धान, सम्बर्धन र संरक्षण गर्ने,

(ट) कटारी नगरपालिकाको सबै भाषाको शब्द कोष तयार गरी प्रकाशन गर्ने तथा कटारी नगरपालिकामा बालिने सबै भाषाहरुलाई संवृद्ध र वैभवशाली बनाउन विभिन्न शब्द तथा शब्दावलीको सृजना गरी प्रचलनमा ल्याउने,

(ठ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सकासशास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, सामाजशास्त्रि, संस्कृतिविद् तथा सम्बन्धित अन्य संस्थाहरुको विकासमा सहयोग पुऱ्याउने,

(ड) बौद्धिक बैंक, ग्यालरी तथा संग्रहालय पुस्तकालय स्थापना सञ्चालन गर्ने

(ढ) प्रशिक्षण तथा बौद्धिक विकासका कार्य गर्ने

(ण) कटारी नगरपालिकाको विभिन्न जात जातिका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्वर्धन गर्न प्राथमिकता दिने,

(त) अध्ययन अनुसन्धान गर्न विद्वत वृत्तिको व्यवस्था गर्न सक्ने,

(थ) सामुदायिक नगर पुस्तकालय सञ्चालन गर्ने र यसको सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुने ।

(द) बौद्धिक बैङ्कमा जम्मा भएका बौद्धिक सम्पत्तिहरूका आधिकारिकताका लागि प्रचलित कानुन बमोजिम व्यवस्था गर्ने,

(ध) ग्यालेरी तथा सङ्ग्हालय स्थापना गरी तोकिए बमोजिम सञ्चालन गर्ने,

(न) यो ऐनको उद्देश्य पूरा गर्न कार्यपालिकाले तोके बमोजीमका अन्य आवश्यक कार्य गर्ने गराउने ।
(प) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने,
(फ) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमका अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने,
(ब) कार्यपालिकाको निर्देशन पालना गर्ने ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकार**

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) प्रतिष्ठानको अध्यक्ष भई कार्य गर्ने ।।
(ख) बैठकको अध्यक्षता गर्ने ।
(ग)प्रतिष्ठानलाई आवश्यक पर्ने नियम तथा कार्यविधि बनाई कार्यपालिकामा पेश गर्ने गराउने ।
(ङ) प्रतिष्ठानको उन्नती र प्रगतिको लागि आवश्यक योजना बनाई लागू गर्ने ।
(च) प्रतिष्ठानबाट सिफारिस भएका योजना तथा कार्यक्रम प्रमाणिकरण गरी आवश्यक रेखदेख र नियन्त्रण गर्ने ।

**६.उपाध्यक्षका काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायको बमोजिम हुनेछ,
क) कार्यसमिति र परिषद्को बैठकमा उपस्थित हुने,
ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,
ग) परिषद् र कार्य समितिले गरेका निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,
घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,
ड) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

**(७) सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्ष, उपाध्यक्षको निर्देशनमा प्रज्ञा-प्रतिष्ठानको प्रशासनको जिम्मेवारी वहन गरी मुख्य प्रशासक एवं नियन्त्रणको रुपमा काम गर्ने,
(ख) प्रज्ञा-प्रतिष्ठानको सम्पतिको व्यवस्था, संरक्षण, सम्भार, मर्मत, सञ्चालन तथा हेरचाह गर्ने तथा प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण जिन्सी लगत राख्न लगाउने,
(ग) प्रज्ञा-प्रतिष्ठानको वार्षिक आम्दानी-खर्चको बजेट तयार पारी परिषद्को बैठकमा पेस गर्ने,
(घ) प्रतिष्ठानको आर्थिक ऐनमा तोकिए अनुसारका काम कारवाहीहरु गर्ने गराउने,
(ङ) प्रतिष्ठानको कोष तथा खाताको संचालन गर्ने,
(च) प्रतिष्ठानको तर्फबाट दायर गर्ने, प्रतिवाद गर्ने जुनसुकै प्रकारका मुद्दा-मामिलाहरु दायर र प्रतिवाद गर्ने/गराउने एवम् प्रतिनिधित्व गर्ने,
(छ) प्रज्ञा-प्रतिष्ठानको प्रत्येक निर्णय तथा आदेश प्रमाणित गर्ने,
(ज) ऐन,नियम, विनियम र कार्य प्रणालीद्धारा तोकिए बमोजिमका काम कारवाही गर्ने,
(झ) अध्यक्ष, उपाध्यक्षको निर्देशन अनुसार अन्य कार्य गर्ने,
(ञ) अध्यक्षको निर्देशन अनुसार परिषदमा प्रस्तुत गर्ने विषयहरुको प्रस्ताव तयार गर्ने र प्रस्तुत गर्ने,
(ट) प्रतिष्ठानको बैठकले तोकेका अन्य कार्यहरु गर्ने ।

**८. सदस्यहरुको काम, कर्तव्य तथा अधिकार**

सदस्यहरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः
(क) कटारी प्रज्ञा-परिषद्ले विभाजन गरेका विभागहरुको नेतृत्व गर्दै त्यस अन्तरगतका कार्य सम्पादन गर्ने,
(ख) कटारी प्रज्ञा-परिषद्का सदस्यहरुले आ-आफ्नो क्षेत्रमा भए गरेका प्रगतिको ६/६ महिनामा प्रतिवेदन उपाध्यक्ष मार्फत अध्यक्ष समक्ष प्रस्तुत गर्ने,
(ग) आ-आफ्ना क्षेत्रमा पर्ने अनुसन्धान अन्वेषणको कार्यमा आवश्यक सहयोग गर्ने,
(ङ) आ-आफ्ना विभाग अन्तरगतका योजना तथा कार्यक्रमहरु तयार गरी अध्यक्ष समक्ष पेस गर्ने,
(च) आफूलाई तोकिएको विभाग अन्तरगतका काम कारवाहीहरुको अनुगमन, मूल्याङ्कन एवं समन्वयन गर्ने र कार्यान्वयन गराउने,
(छ) अध्यक्ष, उपाध्यक्षबाट समय समयमा तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

**९.नगरपालिका प्रति उत्तरदायी हुनेः** प्रज्ञा प्रतिष्ठान कटारी नगरपालिका प्रति उत्तरदायी रहनेछ । नगरपालिकाको निर्देशन पालना गर्नु र नगरपालिकाले तोकेका कार्य गर्नु प्रज्ञा प्रतिष्ठानको जिम्मेवारी हुनेछ ।

**१०. प्रज्ञा प्रतिष्ठानको साङ्गठानिक स्वरुप :**

प्रज्ञा प्रतिष्ठानको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामुहिक रुप नै प्रज्ञा-प्रतिष्ठानको स्वरुप हुनेछ :-

(क) परीषद   र

(ख) कार्यसमिति

परीच्छेद ३

**परिषद्को गठन सञ्चालन तथा काम कर्तव्य र अधिकार**

**११. परिषद्को गठन :**

(१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक परिषद् रहनेछ ।

(२) परिषदको गठन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको अध्यक्ष - अध्यक्ष

(ख) कार्य समितिको उपाध्यक्ष  - उपाध्यक्ष

(ग) नगर भित्रका जातजाति, भाषा भाषी, साहित्य, कला, संस्कृति, विज्ञान तथा प्रविधि क्षेत्रबाट कम्तिमा पाँच जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने गरी कार्यसमितिको सिफारीसमा नगरपालिकाले मनोनित गर्ने १८ जना - सदस्य

सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, संस्कृति, रंगमञ्च, संगीत, नृत्य, चलचित्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म भाषा, साहित्य, संस्कृति सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी मनोनीत गर्नु पर्नेछ ।

(घ) नगर प्रमुखले मनोनित गरेको ४ जना कार्यपालिका सदस्य ( कम्तिमा २ जना महिला सहित )  - सदस्य

(ङ) कार्य समितिको सचिव- सदस्य सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोहि विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) परिषद्का पदाधिकारी र सदस्यहरूका पदावधि ४ वर्षको हुनेछ र पटक-पटक गरी गठन भएमा सुरु गठन मितिबाट अवधि गणना हुनेछ ।

**१२. परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको वार्षिक वजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको नियम स्वीकृतीको लागी कार्यपालिकामा पेश गर्ने,

(ज) कार्यपालिकाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(झ) कार्यपालिकाले दिएको निर्देशन पालना गर्ने,

(ञ) लेखापरीक्षको प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने,

(ट) सचिवले पेश गरेको वार्षिक कायक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ठ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पतिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(ड) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(ढ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ण) विद्वत वृत्ति, सम्मान, कदर र पुरस्कार सम्बन्धि निर्णयको लागि कार्यपालिकामा पेश गर्ने,

(त) परिषदको काम कारबाहीको सम्बन्धमा आश्यकता अनुसार समिति, उपसमिति वा कार्य टोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

(थ) कार्य समितिलाई सुझाव र सहजीकरण गर्ने,

**१३.परिषदको बैठक सम्बन्धी व्यवस्था**

(१) परिषद्को बैठक दुई महिनामा कम्तिका एकपटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनु भन्दा कम्तिमा चौवीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्य सूचि सहितको सूचना परिषदको सदस्य सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा क्रमशः उपाअध्यक्ष र जेष्ठ सदस्यले गर्नेछन् ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गरी राख्नेछन् ।

**१४. परिषद्को बैठक सम्बन्धी व्यवस्था** : परिषद्को बैठक सम्बन्धि अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. गणपूरक संख्या**

(१) प्राज्ञ-परिषदको बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषदको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**१६. प्रस्ताव सम्बन्धी व्यवस्था**

(१) प्राज्ञ-परिषदको कुनै पनि सदस्यले प्राज्ञ-परिषदको काम, कर्तव्य र अधिकारक्षेत्र भित्र पर्ने विषय सम्वन्धि प्रस्ताव अध्यक्षको पूर्व स्वीकृति लिई प्राज्ञ-परिषदको बैठकमा विचारार्थ वा निर्णयार्थ प्रस्तुत गर्न सक्नेछ ।

(२) प्राज्ञ-परिषद्मा प्रस्तुत हुने प्रस्तावको ढाँचा वा कार्य व्यवस्थापन प्रणाली प्राज्ञ-परिषद्ले तोकेबमाजिम हुनेछ ।

(३) बैठकमा पेस भएको प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

**१७. प्राज्ञ-परिषद्को निर्णय**

(१) प्राज्ञ-परिषद्को बैठकको छलफल वा निर्णयको लागि प्रस्तुत गरिएको प्रस्ताव वा अन्य विषयवस्तुमा बैठकको सर्वसम्मति नभएमा अध्यक्षले निर्णयको लागि मतदान गर्न सदस्यहरुलाई आह्वान गर्नेछन् ।

(२) प्राज्ञ-परिषद्मा प्रस्तुत भएको विषयको निर्णय प्राज्ञ-परिषद्को बैठकको बहुमबतबाट हुनेछ । तर बैठकमा प्रस्तुत प्रस्ताव वा अन्य विषयवस्तुमा पक्ष र विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(३) बैठकबाट पारित निर्णयको घोषणा अध्यक्षले गर्ने छन् । साथै अध्यक्षबाट घोषित निर्णय प्रज्ञा-परिषद्को निर्णय मानिनेछ ।

(४) सचिवले प्राज्ञ-परिषद्को बैठकको प्रत्येक निर्णय पुस्तिकामा लेखी अध्यक्षको हस्ताक्षर गराई आफूले समेत प्रमाणित गरी राख्नु पर्नेछ ।

(५) बैठकका निर्णयहरुको एक प्रति सदस्यहरुलाई जानकारीका लागि पठाउनु पर्नेछ ।

## परिच्छेद ४
## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१८.कार्य समितिको गठनः** १) प्रतिष्ठानको दैनिक कार्य सञ्चालन गर्न कार्यपालिकाले देहायबमोजिमको कार्य समिति गठन गर्नेछ ।

क) नगर भित्रका भाषा,साहित्य, संस्कृति, रंगमञ्च, संगीत, नृत्य,चलचित्र सम्वन्धि विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट नगर प्रमुखको सिफारीसमा कार्यपालिकाले तोकेको एकजना व्यक्ति - अध्यक्ष

ख) नगरपालिकाको लोपोन्भुख भाषा जाती र समुदायको प्रतिनिधित्व हुने गरी कार्य समितिले मनोनित गरेको १ जना - उपाध्यक्ष

ग) भाषा विभाग, साहित्य विभाग, **दर्शन समाजशास्त्र तथा** संस्कृति विभाग, संगीत र नृत्य विभाग,नाट्य तथा चलचित्र विभाग , ललितकला (चित्रकला र मूर्तिकला) विभागका संयोजक रहने गरी कार्यपालिकाले तोकेको सम्बन्धित विधामा ख्याती प्राप्त व्यक्तिहरु मध्येबाट कम्तिमा एक एकजना महिला ,दलित र सिमान्तकृत समुदायको समेत अनिवार्य प्रतिनिधित्व हुने गरी ६ जना - सदस्य

घ) नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख वा प्र.प्र.अले तोकीएको कर्मचारी - सदस्य सचिव

२) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि परिषदका सदस्य मध्ये कुनै अर्को व्यक्तिलाई कार्यपालिकाद्वारा मनोनीत गरिनेछ । पदाधिकारीहरुको चयन गर्दा कम्तिमा तेतीस प्रतिशत महिला प्रतिनिधित्व हुने गरी चयन गर्नुपर्नेछ ।

**१९. कार्य समितिका काम,कर्तव्य र अधिकारः** १) कार्य समितिको काम,कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछ :

क) परिषद्ले गरेको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,गराउने ।

ख) लेखा परीक्षणका प्रतिवेदन बैठकबाट पारित गराई सभा समक्ष पेस गर्ने,

ग) सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेस गर्ने,

घ) प्रतिष्ठानका चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने,

ङ) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

च) कार्यसमितिले काम कारबाहीलाई व्यवस्थित बनाउनका लागि विभाग गठन गर्न सक्ने छ ।

छ) कार्य समितिले आवश्यकतानुसार उपसमिति र कार्यदल गठन गर्न सक्ने छ ।

ज) कार्यसमितिले विभाग, उपसमिति वा कार्यदलका काम,कर्तव्य र अधिकार तोक्नेछ,

झ) एउटा विभागमा रहेको व्यक्ति अर्को विभागमा रहन पाउने छैन र विभाग अन्तर्गत गठित उपसमितिमा समितिका पदाधिकारी रहने छैनन् तर कुनै निश्चित कामका लागि गठन हुने कार्यदलमा भने पदाधिकारी रहन वाधा पर्ने छैन ।

ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद ४

## प्राज्ञिक विभागको गठन

### २०. प्राज्ञिक विभागको गठन

(१) प्रज्ञा प्रतिष्ठानमा प्राज्ञिक विकास र विस्तार सम्बन्धि कार्यक्रमहरु, अनुसन्धान, सम्मेलन, प्रदर्शनी, प्रकाशन तथा अन्य प्राज्ञिक कार्यको सञ्चालन गर्न गराउनको लागि देहाय बमोजिमका प्राज्ञिक विभागहरु रहनेछन् ।

(क) भाषा विभाग

(ख) साहित्य विभाग

(ग) दर्शन  समाजशास्त्र तथा संस्कृति विभाग

(घ) संगीत र नृत्य विभाग

(ङ) नाट्य तथा चलचित्र विभाग

(च) ललितकला (चित्रकला र मूर्तिकला) विभाग

(छ) बौद्धिक बैंक, कृति लेखन र पुस्तकालय विभाग (उत्प्रेरणा पुरुस्कार विधा के के रहने नियमन प्रोत्साहन पाठक सदस्यता पूस्तकालय सञ्चालन तोकीए बमोजीम हुने )

(२) नियम (१) मा गठित प्राज्ञिक विभागका अतिरिक्त आवश्यकता अनुसार विभिन्न विभागहरुलाई समेट्ने गरी अन्य प्राज्ञिक विभागहरु गठन गर्न सक्नेछ । त्यस्ता प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार प्राज्ञ परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

### २१. प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार

प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(१) भाषा विभाग**

(क) कटारीका सबै भाषा (मातृभाषा) हरु सम्बन्धि विभिन्न विषयका उपयोगी ग्रन्थ, कोष, व्याकरण एवं कृतिहरु तयार गर्ने गराउने,

(ख) सबै भाषा (मातृभाषा) हरु सम्वन्धि विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहको सृजना एवं प्रकाशन गर्ने-गराउने,

(ग) कटारीका भाषाहरुको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध विषयका विद्वान तथा भाषाविद्हरुको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने,

(घ) कटारीका भाषहरुको अध्ययन, अनु सन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय लेखक, साहित्यकार तथा सम्बद्ध अन्य संस्थाहरुको विकासमा सहयोग पुऱ्याउने,

(ङ) भाषाका विभिन्न विषयमा प्रवचन, गोष्ठि, विचार विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(च) विदेशी भाषाबाट नेपाली लगाएतका कटारीका भाााहरु (मातृभाषाहरु) मा, कटारी नगरपालिकाको अन्य भाााहरु (मातृभाषाहरु) बाट नेपालीमा, नेपाली भाषाबाट कटारी नगरपालिकाको अन्य भाााहरु (मातृभाषाहरु) मा र आवश्यकता अनुसार नेपाली लगायतका कटारी नगरपालिकाको भाााहरु ( मातृभाषाहरु) बाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरुको अनुवाद एवं प्रकाशन गर्ने-गराउने,

(छ) भाषाका विभिन्न विषयमा हुने अन्तराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठि, विचारविमर्श, प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने,

(ज) नगरपालिका वा राष्ट्र भाषाहरुका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने भाषाविद्हरुको कदर तथा सम्मान गर्ने,

(झ) भाषाका विषयमा प्रज्ञा-प्रतिष्ठानसँत सम्बद्ध अन्य आवश्यक कार्यहरु गर्ने-गराउने ।

**(२) साहित्य विभाग**

(क) कटारी नगरपालिकाको विभिन्न भाषाका साहित्य सम्बन्धि विभिन्न विषयका उपयोगी ग्रन्थ एवं कृतिहरु तयार गर्ने-गराउने,

(ख) कटारी नगरपालिकाको विभिन्न भाषका साहित्य सम्बन्धि विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरुको सृजना एवं प्रकाशन गर्ने-गराउने,

(ग) साहित्यका विभिन्न विषयमा प्रवचन, गोष्ठि, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(घ) कटारी विभिन्न भाषाका साहित्यका विकासको निमित्त सम्बद्ध विषयका विद्वान तथा साहित्यकारहरुको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने,

(ङ) कटारीका विभिन्न भाषाका साहित्यका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार तथा सम्बद्ध अन्य संस्थाहरुको विकासमा सहयोग पुर्‍याउने,

(च) साहित्यका विभिन्न विषयमा हुने अन्तराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार विमर्श, प्रदर्शनी आदिमा प्रतितिधित्व गर्ने-गराउने,

(छ) साहित्यका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने,

(ज) साहित्यका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान तथा साहित्यकारहरुको कदर तथा सम्मान गर्ने,

(झ) साहित्यका विषयमा पज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्य आवश्यक कार्यह गर्ने-गराउने ।

(३) दर्शन  समाजशास्त्र तथा संस्कृति विभाग

(क) कटारीका विविध संस्कृति सम्वन्धि विभिन्न विषयमा उपयोगी ग्रन्थ एवं कृतिहरु तया गर्ने-गराउने,

(ख) कटारीका विविध लोक संस्कृति एवं संस्कृति सम्बन्धि विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरुको सृजना तथा प्रकाशन गर्ने-गराउने,

(ग) संस्कृति एवं लोकभाकाका विभिन्न विषयमा प्रवचन, गोष्ठि, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(घ) संस्कृतिका विभिन्न विषय एवं लोकभाका, संस्कृतिसँग सम्बन्धित हुने अन्तराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठि, विचार विमर्श प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने ।

(ङ) कटारीका लोक संस्कृति एवं विविध संस्कृतिको विकासको निमित्त सम्बद्ध विषयका विद्वानहरुको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने,

(च) विविध संस्कृतिका विषयमा योगदान दिने स्थानीय लेखक तथा सम्बद्ध अन्य संस्थाहरुको  विकासमा सहयोग पुर्‍याउने,

(छ) संस्कृतिका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तराष्ट्रिय संघसंस्थासँग सम्बन्ध विस्तार गर्ने,

(ज) विविध संस्कृतिका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वानहरुको कदर तथा सम्मान गर्ने,

(झ) संस्कृतिका विषयमा प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्यय आवश्यक कार्यहरु गर्ने-गराउने ।

(४) **संगीत र नृत्य विभाग**

(क) कटारी भित्र रहेका विभिन्न भाषा र संस्कृति, अन्य प्रचलनका लोक भाका, आधुनिक भाका,गीत,शास्त्रीय संगीत संरक्षण, सम्बर्धन र विकासको प्रवर्धन गर्नु,

(५) **नाट्य तथा चलचित्र विभाग**

(क) परिवर्तन, पहिचान र सार्थक रंगकर्ममा आधारित नाट्यकलाको विकास गर्ने/गराउने,

(ख) रंग मञ्चीय संस्कृतिको निर्माण गर्ने/गराउने,

(ग) लोकप्रीय एवम् यथार्थमा आधारित अभिनय तथा नाटकहरुको लेखन तथा मञ्चन गर्ने/गराउने,

(घ) रंगकर्म सम्बन्धि अभिलेखन, प्रशिक्षण तथा तालिम, कार्यशाला, समीक्षा, गोष्ठि, अनुशिक्षण गर्ने/गराउने,

(ङ) देश विदेशमा नाट्य उत्सव तथा प्रतियोगीताहरुको आयोजना गर्ने/गराउने,

(च) नाट्य सम्बन्धि संग्रह प्रकाशन गर्न सहयोग गर्ने ।

(६) **ललितकला (चित्रकला र मूर्तिकला) विभागः**

कटारी नगर  प्रज्ञा-प्रतिष्ठानले ललितकला विद्या अन्तरगत गर्नुपर्ने कार्यहरु बुंदागत रुपमा तल उल्लेखित छन् ।

(क) कटारीका सबै चित्रकला, मूर्तिकला, हस्तकला एवम् अन्य सृजनात्मक कला सम्बन्धि कार्यको संरक्षण, संवृद्धि र विकास गर्न नीति तयार गर्ने,
(ख) उदयमान युवा कलाकारलाई प्रोत्साहन तथा हौसला स्वरुप प्रत्येक वर्ष एक जना कलाकारलाई प्रोत्साहित तथा पुरस्कृत गरिनु पर्ने ।
(ग) प्रत्येक वर्ष कटारी नगरपालिका भित्र बसोवास गर्ने कलाकारहरुको सामुहिक कला प्रदर्शनी गर्नु पर्ने ।
(घ) प्रत्येक वर्ष युवा पिडी कालकारहरुको पहिचान गरी चित्रकला र मूर्तिकला विद्याको कला प्रशिक्षण तथा प्रतियोगीता गराइनु पर्ने ।
(ङ) ललितकला भित्र चित्रकला र मूर्तिकला दुवै विद्या समावेश हुने हुँदा मूर्तिकलाको क्षेत्रमा पनि विविध कार्य गरिनु पर्ने ।
(च) मूर्तिकला विद्यामा मूर्तिकला कार्यशाला गर्नु पर्ने ।
(छ) युवा मूर्तिकारको पहिचान गरी प्रोत्साहन स्वरुप मूर्तिकला प्रतियोगीता गर्नु पर्ने ।
(ज) कटारी नगरपालिका भित्र कला सिर्जना गर्न परेमा कटारीकै स्थानीय कलाकारहरु प्रोत्साहित गर्नुपर्ने ।
(झ) कटारी नगरपालिका भित्र बसोबास गर्ने ललितकला क्षेत्र लगायत अन्य क्षेत्रका सर्जक व्यक्तित्वहरुको प्रतिभा सिर्जना गरी सम्मान गर्ने ।
(ञ) कटारी नगरपालिका भित्र रहेको धार्मिक तथा आन्तरिक पर्यटनलाई सहयोग गर्न मूर्तिकला विद्याबाट विशेष भूमिका निर्वाह गर्ने ।

(७)**बौद्धिक बैंक सम्बन्धी व्यवस्था :** बौद्धिक बैंकका क्षेत्रहरु देहाय बमोजिम हुनेछः
क.विज्ञान र प्रविधिको खोज,अध्ययन,अनुसन्धान र व्यवहारिक प्रयोग,
ख. सामाजिक मूल्य मान्यता, संस्कृति, नैतिक पक्ष, सामाजिक रूपान्तरण र पुस्तान्तर सम्बन्धी व्यवहारिक ज्ञान र सीपको प्रयोग,
ग. खाद्य पदार्थमा पाइने विभिन्न तत्वहरु र तिनले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण,
घ. जेनेटिक इन्जिनियरिङ सम्बन्धी खोज, अध्ययन अनुसन्धान,
ङ. मनोविज्ञान, मनोचिकित्सा, मनोविश्लेषण, मनोपरापर्श सेवाका साथै सरल जीवनयापन सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,
च. इतिहास र खगोल शास्त्र सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,
छ. भाषा, साहित्य, कला, मानव शास्त्र र कानून शास्त्र सम्बन्धी लेखन तथा अनुसन्धान,
ज. अन्य जुनसुके विषयको खोज, अध्ययन, अनुसन्धान र सिद्धान्तको प्रतिपादन

(८) **बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था :**
क.कुनै पनि ब्यक्ति वा संस्थाले यस बैंकका क्षेत्र भित्रका अनुसन्धान प्रतिवेदन अनुसूची ३ बमोजिमको आवेदन साथ संस्थामा जम्मा गर्न सक्ने छ ।
ख. उपदफा क बमोजिम जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाले आवश्यक गर्न योग्य भए ३ महिनाभित्र दर्ता गर्ने र दर्ता गर्न योग्य नभए फिर्ता गर्ने
ग. उपदफा क र ख बमोजिम बौद्धिक सम्पत्ति जम्मा भएपछि जम्मा गर्ने अनुसूची - ४ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईने छ ।
घ. उपदफा ग बमोजिम जम्मा प्रक्रिया पूरा भएको बौद्धिक सम्पत्ति संस्थ
ङ. उपदफा घ बमोजिम राखिएको बौद्धिक सम्पत्ति उत्पादकको अनुमतिमा बमोजिम संस्थाले लगानी गरी बिक्री, वितरण वा प्रचार प्रसार र प्रयोग सक्नेछ ।
च.उपदफा ङ बमोजिमको कार्यबाट प्राप्त रकम मध्ये उत्पादकलाई पच्चीस प्रतिशत दिइने छ र बाँकी पचहत्तर प्रतिशत संस्थाको कोषमा जम्मा हुनेछ । साथै सो सम्पत्तिमा उत्पादकको अधिकार सुरक्षित राखिने छ ।
छ.यो ऐन र प्रचलित कानून बमोजिम दर्ता भई यस बैंकमा जम्मा गरिएको बौद्धिक सम्पत्ति फिर्ता लिई अन्यत्र जम्मा गर्न, बिक्री तथा वितरण गर्न पाइने छैन तर दर्ता हुनु अगावै फिर्ता लिन चाहेमा वाधा पर्ने छैन।

(९) बौद्धिक सम्पत्तिको सुरक्षा प्रबन्ध :
क.कुनै व्यक्ति वा संस्थाले जम्मा गरेको बौद्धिक सम्पत्ति अरुले चोर्न, नक्कल गर्न वा आफ्नो हो भनी दाबी गर्न पाउने छैन र यदि कसैले अरुको उत्पादन आफ्नो भनी चोरी दाखिला गरेको रहेछ भने सो प्रमाणित भएमा सो सम्पत्ति सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरी निज चोरी गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।
ख.यस बैंकमा जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाको स्वीकृती बिना अन्यत्र लैजान, प्रचारप्रसार गर्न वा बिक्री गर्न पाइने छैन।
ग.यस बैंकमा जम्मा भएको सम्पत्ति हराएमा वा नष्ट भएमा संस्थाले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

(१०) **सम्पर्क संस्थाको रुपमा रहने** : बौद्धिक बैक नगरपालिकाको प्रज्ञा प्रतिष्ठानको सम्पर्क संस्थाको रुपमा रहने छ र यसमा जम्मा भएका बौद्धिक

सम्पत्तिहरु उत्पत्तिको प्रमाण पत्र पेटेण्ट राईट) का लागि सम्बन्धित निकायमा पेस गरी प्रमाण पत्र उपलब्ध गराउन सहजिकरण गर्न सकिनेछ ।

(११) उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था : उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

क.नगरपालिकाले प्रतिष्ठान मार्फत नगरबासीलाई बौद्धिक विकास गर्न उत्प्रेरित गर्नेछ ।

ख.उपदफा क को प्रयोजनकालागि संस्थाले विषय तोकी उत्प्रेरक बन्नका लागि सूचना प्रकाशित गर्नेछ ।

ग. तोकिएको म्याद भित्र कुनै विषयमा उत्प्रेरक बन्न चाहेमा अनुसूची ५ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

घ) उपदफा ग बमोजिम आवेदन गर्ने व्यक्तिहरुलाई आवेदकहरुबाट विभिन्न पक्षको मूल्यांकन गरी अधिकतम अंकका आधारमा छनोट गरी तालिम दिईनेछ ।

ङ) तालिम पश्चात कम्तिमा ५१ जना व्यक्तिबाट पुनःउत्प्रेरक क्षमता मूल्यांकन गराइने छ र यसरी छनोट भएका व्यक्तिलाई उत्प्रेरक प्रमाणपत्रका लागि नगरपालिकामा सिफारिस गरिनेछ ।

च ) उत्प्रेरक मूल्यांकन सम्बन्धी ढाँचा समितिले निर्धारण गर्नेछ ।

छ) यसरी उत्पादित उत्प्रेरकले कम्तिमा ३ वर्ष नगरपालिकाले तोके अनुसारको सेवा गर्नु पर्नेछ तर तोकेको अवधि पूरा नहुँदै कुनै अवसरका लागि अन्यत्र जानु पर्ने भएमा नगरपालिको स्वीकृति लिनु पर्नेछ ।

ज) निजले संस्थाको समन्वयमा उत्प्रेरक भैं कार्य गर्दा गरेको आय आर्जनको प्रच्चीस प्रतिशत रकम नगरपालिकाको बैंक खातामा जम्मा गर्नुपर्नेछ र उत्प्रेरक बन्न अनुसूची ४ को प्रक्रिया पूरा गर्नु पर्नेछ ।

झ) नगरपालिकाले उत्पादन गरेको उत्प्रेरकले कुनै व्यक्ति, संस्था वा राज्यको प्रलोभनमा परी नगरपालिकाको सहमति बिना कते गएर सेवा दिन पाइने छैन, यसरी नगरपालिकाको मञ्जुरी बिना कुनै उत्प्रेरकले अन्यत्र गई काम गरेमा करार ऐन बमोजिम कारवाही गरिनेछ ।

ञ) यस प्रकारका उत्प्रेरको कार्य क्षमताको मूल्यांकन गरी थप क्षमता, विकासकालागि तालिम प्रदान गरिने छ ।

ट) नगरपालिकाबाट उत्पादित उत्प्रेरक नगरपालिकाको, नीति, नियम, कानून र आचार संहिता भित्र

(१२) **पुस्तकालय संचालन व्यवस्था** : पुस्तकालय संचालनको जिम्मेवारी कटारी नगर प्रज्ञा प्रतिष्ठानको हुनेछ । नगर प्रज्ञा प्रतिष्ठानले पुस्तकालय संचालन सम्बन्धी व्यवस्था देहाय अनुसार मिलाउनेछ।

क) ज्ञानका सम्पूर्ण पक्ष भाषा, साहित्य, धर्म, कला, संस्कृति, दर्शन, इतिहास, भूगोल, कानून, विज्ञान-प्रविधि, स्वास्थ्य, खेलकूद, राजनीति, वातावरण जस्ता वाङ्मयका सम्पूर्ण क्षेत्रहरुलाई समेटने ज्ञान सामग्री खरीद वा प्राप्त गरी पुस्तकालय संचालन गर्ने।

ख) विद्युतीय पुस्तकालय (इ लाइब्रेरी ) संचालन गर्ने।

ग) पठन संस्कृतिको विकास गर्न युवा तथा बालबालिकालाई रुची अनुसारका सामग्री उपलब्ध गराउने ।

घ) बोध तथा अभिव्यक्तिको मूल्यांकनका आधारमा प्रोत्साहनको विशेष व्यवस्था गर्ने।

ङ) जीवन र जगतसँग ज्ञान-विज्ञान र अध्ययनको तादात्म्य मिल्ने वा अन्तर सम्बन्ध विकास गर्न सक्ने किसिमका अन्तर्क्रिया, सेमिनार, गोष्ठी र अनुसन्धान कार्य ग्नें गराउने।

(१३) **पाठक सदस्यता सम्बन्धी व्यवस्था** : क) देहाय बमोजिमको शुल्क तिरी कटारी नगरपालिका भित्र वा वाहिर जुनसुकै क्षेत्रको व्यक्ति बा संस्था पाठक सदस्य बन्न सक्नेछ ।

| क्र स सदस्यताको प्रकार | स्वदेशी नागरिकको हकमा | विदेशी नागरिकको हकमा |
|---|---|---|
| १. वार्षीक व्यक्तिगत | रु.१००/- | रु. ५००/- |
| २ .पाँच वर्षको व्यक्तिगत | रु.५००/- | रु. २५००/- |
| ३. आजिवन व्यक्तिगत | रु.२०००/- | रु. १००००/- |
| ४. संस्थागत १ वर्षको | रु.१०००/- | रु. ५०००/- |
| ५. संस्थागत ५ वर्षको | रु.५०००/- | रु. २००००/- |
| ६. संस्थागत ५ वर्ष माथि १० वर्ष सम्मको | रु.१००००/- | रु. २५०००/- |
| ७. संस्थागत १० वर्ष माथि | रु.१५०००/- | रु. ४००००/- |

ख) इ पुस्तकालय प्रयोगका लागि समितिले तोके बमोजिमको शुल्क तिरी सदस्यता लिन सकिनेछ ।

ग) विद्यार्थीहरुका लागि उपदफा १३ को (क) १ मा तोकिएको शुल्कको आधा शुल्कमा सदस्यता प्रदान गरिनेछ ।

घ) संस्थागत सदस्य लिने संस्थाले तोकेका पाँच जनालाई पुस्तकालय प्रयोगको सुविधा उपलब्ध हुनेछ र सदस्यता लिने संस्थाले आवश्यकता अनुसार प्रयोगकर्ता परिवर्तन गर्न सक्नेछ ।

ङ) कुनै सदस्यको सदस्यता अवधि समाप्त नहुँदै मृत्यु भएमा वा बसाईं सरी गएमा निजको हकवाला वा निजले इच्छाएको व्यक्तिका नाममा सदस्यता नामसारी हुन सक्नेछ ।

(१४). पाठक सदस्यताको समाप्ति : देहायको अवस्थामा कुनै पनि व्यक्ति वा संस्थाको पाठक सदस्यता कायम रहने छैन-

क) सदस्यबाट हट्न चाहेमा,

ख) पुस्तकालयका नियम उलंघन गरेमा,

ग) पुस्तकालयको सम्पत्ति हिनामिना गरेमा

घ) पुस्तक वा पुस्तकालयका सामग्री दुरुपयोग वा नष्6 गरेमा वा हराएमा वा मासेमा,

ड) आचार संहिता पटक पटक उल्लघंन गरेमा,

च) तोकिएको समयमा नवीकरण नगरेमा ।

(१५) **कार्डको व्यवस्था** :

क) हरेक पाठक सदस्यको पुस्तकालय कार्ड हुनेछ । पुस्तकालय कार्डमा देहायको बिवरण हुनेछ ।

अ. सदस्यको नाम थर, ठेगाना

आ. योग्यता

ई सदस्यताको प्रकार

ख) पुस्तकालय प्रयोग : पुस्तक/श्रव्य दृश्य सामग्री/बिद्युतीय पुस्तकालय वा सबै

ग) सदस्यको पासपोर्ट साइजको फोटो, संस्थागत भए पुस्तकालय प्रयोग कर्ताको फोटो ।

घ) अध्यक्ष वा निजले अधिकार प्रत्यायोजन गरेको ब्यक्तिले प्रमाणित गरेको ।

(१६) **कार्डको प्रतिलिपि सम्बन्धी व्यवस्था :** पुस्तकालय प्रयोगकर्ता सदस्यले कार्ड हराएमावा नष्ट भएमा देहाय अनुसारको शुल्क तिरेर कार्डको प्रतिलिपि प्राप्त गर्न सक्ने छन्।

| क्र | सदस्यताको | एक वर्षे | पाचँ वर्षे | आजीवन वा पाँच |
|---|---|---|---|---|
| स | प्रकार | | | वर्ष माथी |
| १ | व्यक्तिगत | रु. २५/- | रु. १००/- | रु. १५०/- |
| २ | संस्थागत | रु. ५०/- | रु. २००/- | रु. ३००/- |

(१७) **पुस्तक अध्ययन सम्बन्धी व्यवस्था** :

क) पुस्तकहरु पुस्तकालयको अध्ययन कक्षमा अध्ययन गर्नु पर्नेछ ।

ख) कुनै पुस्तक १५ दिन सम्मका लागि घर लगेर अध्ययन गर्न पाइनेछ / यसरी लाँदा पुस्कतकको महत्व हेरी एकपटकमा २ वटा सम्म दिन सकिनेछ / पुस्तक पढ्ने अवधि दुई पटक सम्म थप गर्न सक्नेछ तर विशेष अबस्थामा दुई बटा भन्दा बढ़ी पुस्तक लैजानु पर्ने भएमा तोकिएको धरौटी राखी अध्यक्षको अनुमतिमा लैजान बाधा पर्ने छैन।

ग) पुन:प्रकाशन हुने सम्भावना नभएका, विशेष किसिमका र कम संख्यामा भएका पुस्तक पुस्तकालय भन्दा बाहिर लान पाईने छैन।

घ) अधिल्लो पटक लगेको पुस्तक फिर्ता नगरी पुन:अकों लैजान पाउने छैन।

) विद्युतीय पुस्तकालयका कुन सामग्री लापर्वाही गरी बिगारेमा सो सामग्रीको मूल्यको दोब्बर रकम तिर्नु पर्नेछ ,

च) ऐन नियमको अधिनमा रही समितिले आवश्यकतानुसार पुस्तकालय सम्बन्धी कार्यविधि, निर्देशकार मापदण्ड बनाई नगर कार्यपालिकामा स्वीकृत गराई लागू गर्न सक्नेछ ।

(१८) **धरौटी सम्बन्धी व्यवस्था :**

क) रु.४०० भन्दा बढ़ी मूल्यको पुस्तक भए मूल्यको दोब्बर धरौटी राख्नु पर्ने

ख) पुस्तक च्यातेमा, हराएमावा केरमेट गरेमा मूल्यको दोब्बर हुन आउने रकम तिर्नु पनेछ ।

ग) पुस्तक लाँदा तोकिएको म्यादमा फिर्ता नगरी म्याद नाघेको भोलि पल्टदेखि दैनिक १० रुपैयाका दरले जरिवाना लाग्नेछ तर म्याद थपिएको अवस्थामा थपिएको म्यादसम्म जरिवाना लाग्ने छैन ।

(१९) **सदस्यकों लगत व्यवस्थापन :** पुस्तकालय प्रयोगकर्ता सदस्यको लगत रजिष्टर / सफ्टवेयरमा सदस्यको प्रकार अनुसार अलग अलग र नेपाली वर्णानुक्रमानुसार व्यवस्थित गरिनेछ ।

(२०) **लगतबाट हटाउने :** क) प्रयोग गर्न अयोग्य भएका सामग्री समितिको निर्णयानुसार पुस्तकालयको लगतबाट हटाई नस्ट गरिनेछ / यसरी नष्ट गरिएका सामग्रीको छट्टै लगत राखिनेछ ।

ख) उपदफा क) बमोजिम नष्ट गरिएका सामग्रीको सूची परिषद्बाट अनुमोदन गराई नगरपालिकामा जानकारी दिनु पर्नेछ.

(२१) **निःशुल्क सेवा** : कुनै स्वदेशी वा विदेशी अनुसन्धानकर्ता आफ्नो परियोजना संचालनका क्रममा निश्चित अवधिकालागि पुस्तकालय प्रयोगको अनुमति माग गर्न आएमा अध्यक्षले निःशुल्क प्रयोगको अनुमति दिन सक्नेछ / यसरी निःशुल्क प्रयोग अनुमति प्राप्त व्यक्तिले अन्य नियम व्यक्तिगत प्रयोग सदस्यले सरह पालना गर्नु पर्नेछ ।

(२२) **पुस्तकालयका पाठकले पालना गर्नुपर्ने आचार संहिता :**

क) पुस्तक, बिद्युतीय पुस्तकालय र श्रव्यदृश्य सामग्री प्रयोग गरी अध्ययन गर्ने।

ख) अध्ययन कक्ष र बिद्युतीय पुस्तकालय तोकिएको समयभित्र मात्र प्रयोग गर्न पाईनेछ ।

ग) पुस्तकालयमा अनावश्यक वादविवाद गर्न पाईने छैन ।

घ) पुस्तकालयभित्र धुम्रपान गर्न पाईने छैन साथै कुनै पनि खाद्य सामग्री लान पाईने छैन।

ड) मादक पदार्थ सेवन गरी पुस्तकालय भित्र प्रवेश गर्न पाईने छैन।

च) पाठक सदस्यले पुस्तकालयको सरसफाई र सामग्रीको सुरक्षामा समेत ध्यानदिनु पर्नेछ.

छ) समितिले आवश्यकता अनुसार निर्धारण गरेका अन्य आचार संहिताको पूर्ण पालना गर्नुपर्नेछ

(२३) . **नवीकरण सम्बन्धी व्यवस्था :**

क) हरेक आर्थिक वर्षमा सदस्यता कार्ड नवीकारण गर्नु पर्नेछ ।

ख) काबु बाहिरको परिस्थिति परी समयमा नवीकरण गर्न नसकेको कारण खुलाई निवेदन दिएमा बिना जरिवाना नवीकरण हुनेछ तर यस्तो समय ६ महिनाभन्दा बढ़ी हुने छैन।

ग) ६ महिनाभन्दा बढ़ी समय सम्म नवीकरण नगरमा नवीकरण शुल्कको २५ प्रतिशत विलम्ब शुल्क लाग्नेछ तर १ वर्ष सम्म पनि नवीकरण नगरेमा सदस्यता स्वतः खरेज हुनेछ ।

**२२. पुरस्कार सम्बन्धी व्यवस्था** : कटारी नगर प्रज्ञा प्रतिष्ठानले कटारी नगर कार्यपालिकाले तोकिए बमोजीम स्रष्टा, संस्था वा कृतिलाई पुरस्कृत गर्न सकिनेछ । पुरस्कार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) “नगर विशिष्ट प्रतिभा पुरस्कार“' तोकिएका विधामा राष्ट्रिय र अन्तर्राष्ट्रीय स्रष्टा, संस्था वा कृतिलाई- रू. ५१,०००/- प्रत्येक २ वर्षमा १ जनालाई

ख) “कटारी प्रज्ञा नेपाली भाषा, साहित्य वा संस्कृति मध्ये एक विधामा पुरस्कार' - रू. २१,०००/- प्रत्येक वर्ष १ जनालाई

ग) “कटारी प्रज्ञा मातृभाषा साहित्य पुरस्कार“- रू. २१,०००/- २ वर्षमा १ जनालाई

घ) “कटारी प्रज्ञा कला साधना पुरस्कार“- रू. २१,०००/-प्रत्येक २ वर्षमा १ जनालाई

ड) “कटारी प्रज्ञा-विज्ञान प्रविधि पुरस्कार“- रू. २१,०००/- प्रत्येक वर्ष १ जनालाई

च) “कटारी प्रज्ञा बाल प्रतिभा पुरस्कार“- रू. १५,०००/- रू. १२,०००/- रू. १०,०००/- १८ वर्ष मुनिका बालबालिका मध्ये प्रतिस्पर्धाबाट प्रत्येक वर्ष ३ जनालाई

छ) पुरस्कृत हुने व्यक्ति, संस्था वा कृतिलाई महत्वपुर्ण जयन्ती वा नगरपालिकाको बार्षिकोत्सवमा घोषणा गरिनेछ / प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष चैत्र महिना भित्र समारोहको आयोजना गरी भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाéयकला, सङ्गीतको प्रवर्धन, संरक्षण, संवर्द्धन र विकासमा कुनै एक वा एक भन्दा बøी विषय वा शिर्षकमा खुला प्रतिस्पर्धा गराई समेत पुरस्कार वितरण गर्नेछ ।

ज) कुनै बिधामा पुरस्कार स्थगित गर्नु वा बिधा परिवतर्न गरी पुरस्कृत गर्नु पर्ने भएमा उचित कारण सहित नगरकार्यपालिका तथा संरक्षक र समितिको संयुक्त निर्णय अनुसार हुनेछ ।

झ) छनौटको मापदडण समितिले निर्धारण गरे बमोजिम हुनछ ।

ञ) पुरस्कारहरुको रकममा प्रचलित कानून बमोजिम लाग्ने करकट्टा गरी प्रदान गरिनेछ ।

## परिच्छेद ५

## पदाधिकारीको सेवा, सर्त र सुविधा

**२३. पदाधिकारीहरुको सेवा, सर्त तथा सुविधा सम्बन्धी व्यवस्था**

प्रतिष्ठानका पदाधिकारीहरुको सेवा, सर्त तथा सुविधा तोकीए बमोजिम हुनेछ

## परिच्छेद ६

## पदाधिकारीहरुको आचरण

**२४. पदाधिकारीहरुले गर्न नहुने कामः**

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै पनि पदाधिकारीले निम्नलिखित कार्य गर्नु हुदैन ।

(क) प्रज्ञा-प्रतिष्ठान वा आफ्नो ओहोदाको प्रतिष्ठामा आघात पुग्ने कामकारवाही तथा आचरण गर्नु हुदैन।

## परिच्छेद ७

## लेखकस्व(रोयल्टी) र प्रकाशन अनुदान

**२५. लेखकस्व(रोयल्टी) सम्वन्धि व्यवस्था**

(१) कसैको आफ्नो श्रम र साधानद्वारा लेखिएका कुनै रचना वा ग्रन्थ प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित गरिएमा सो रचना वा ग्रन्थको अडिया, भिडिया, डकुमेन्ट्री निर्धारित मूल्यको २५ प्रतिशतसम्म लेखकस्व (रोयल्टी) सो व्यक्तिलाई निज र कटारी नगर  प्रज्ञा-प्रतिष्ठानको विचमा भएको कबुलियत अनुसार प्रज्ञा-प्रतिष्ठानले लिनेछ ।

(२) कटारी नगर  प्रज्ञा-प्रतिष्ठानको पूँजी, साधन, श्रम वा प्रज्ञा-प्रतिष्ठानमा खटिने कर्मचारीहरुको सेवा समेतको उपयोग गरी प्रज्ञा-प्रतिष्ठानको प्रबन्धमा विशेष अनुसान्धान तथा खोजी गरी तयार भए-गरिएको कनै पनि रचना वा ग्रन्थमा, डकुमेन्ट दिइने लेखकस्व (रोयल्टी) १५ प्रतिशत भन्दा बढी हुने छैन ।

(३) तर कटारी नगर  प्रज्ञा-प्रतिष्ठानको तर्फवाट अनुदान, संकलन वा सम्पादन गर्ने काममा नियुक्त भएको कटारी नगर  प्रज्ञा-प्रतिष्ठानको कुनै वैतनिक कर्मचारीद्धारा त्यसरी तयार भएको रचनामाा सो कर्मचारीले कुनै किसिमको लेखकस्व पाउने छैन ।

(४) कुनै रचना वा कृतिको प्रकाशन बिक्री तथा वितरणको सर्वाधिकार कबुलियत अनुसार पारिश्रमिक दिएर कटारी नगर  प्रज्ञा-प्रतिष्ठानले लेखकबाट खरिद गर्न सक्नेछ । यस्तो सर्वाधिकार प्राप्त रचनामा कबुलियत सर्तानुसार कुनै लेखकस्व दिनु पर्ने छैन ।

(५) अत्याधिक आवस्यकता परेका ग्रन्थ योग्य लेखकबाट लेखाउनु वा अनुवाद गराउनु पर्दा प्रज्ञा-प्ररिषद्ले विशेष पारिश्रमिक दिएर पनि लेखाउन वा अनुवाद गराउन सक्नेछ । यसरी लेखाईएको वा अनुवाद गरिएकोमा त्यसको लेखकस्व प्रकाशन संस्कारणको लागि लेखकलाई दिइने छैन ।

(६) प्रकाशनको लागि प्राप्त रचना कृति वा पुस्तकाको छानविन गरी तत्सम्बन्धमा निर्णय  प्राज्ञ परिषद्ले गर्नेछ ।  प्रकाशनयोग्य ठहरेका पुस्तक पुस्तिकाहरु, भिडिया, अडियो मात्र नियम बमोजिम लेखकस्व (रोयल्टी) प्रदान गर्ने गरी प्रकाशित गरिनेछ । तर नियम ३४ को उपनियम (२) र (४) अनुसार तयार भई प्रकाशित गरेका पुस्तकहरुको पुनः प्रकाशन कटारी नगर  प्रज्ञा-प्रतिष्ठानले आफैले गर्न नसक्ने ठानेमा सम्बन्धित लेखकलाई प्राज्ञ परिषद्को निर्णयले प्रकाशनको अधिकार दिन सकिनेछ ।

(७) प्रज्ञा-प्रतिष्ठानले पुस्तकाको रुपमा प्रकाशित गरेको लेखकको कृति ( पाण्डुलिपि) को पुन प्रकाशनको आवश्यकता प्रज्ञा-प्रतिष्ठानले नदेखेमा उक्त पुस्तकाको पुनरप्रकाशनको अधिकार सम्बन्धित लेखकलाई परिषद्को सिफारिसमा अध्यक्षको स्वीकृतिम प्रदान गर्न सकिने छ ।

## परिच्छेद ८

## कोष तथा लेखा परीक्षण सम्बन्धि व्यवस्था

**२६. कोष सम्बन्धी व्यवस्था :**

१) प्रतिष्ठानका एउटा छुट्टै कोष रहनेछ,

२) उपदफा (१) बमोजिमका कोषमा देहायका रकमहरू रहने छन्,

क) नगरपालिकाबाट प्राप्त रकम,

ख) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी सङ्घ संस्था र व्यक्तिबाट प्राप्त रकम,

घ) विदेशी सङ्घ संस्था र व्यक्तिबाट प्राप्त रकम,

ड) व्याजबाट प्राप्त रकम,

च) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) खण्ड (घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानुन बमोजिम हुनेछ,

४) कोषका रकम बैङ्क मार्फत सञ्चालन गरिनेछ,

५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ,

**२७. लेखा र लेखा परीक्षण :**

१) आय-व्ययका लेखा प्रचलित कानुन बमोजिम हुनेछ,

२) प्रतिष्ठानको लेखापरीक्षण नगरपालिकाले गराउने छ,

**२८. आर्थिक सहायता प्रदान गर्न सकिने**

(१) कटारी नगर प्रज्ञा-प्रतिष्ठानको कार्यक्षेत्रभित्र स्वीकृत विभागहरुमध्ये सबै वा कुनै विभागमा योगदान दिने व्यक्ति वा संस्थालाई आर्थिक सहयोग माग गरेमा प्रज्ञा-प्रतिष्ठानको  सिफारीस अनुसार नगर कार्यपालिकाले आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ९

## विद्वतवृत्ति सम्बन्धी व्यवस्था

**२९. विद्वतवृत्ति प्रदान गर्न सक्नेः**कटारी नगर प्रज्ञा-प्रतिष्ठानले ऐनको दफा ५ मा रहेको उद्देश्यलाई अघि बढाउने गरी अनुसन्धान-अन्वेषण गर्ने कार्यको लागि एक वर्षमा सामान्यतया तोकिएको प्रत्येक विभागमा कम्तिमा एउटा पर्ने गरी विद्वत वृत्ति प्रदान गर्न सक्नेछ ।

तर यस्तो विद्वतवृत्ति कटारी नगर प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी, कर्मचारी तथा कलाकारहरुले पाउने छैनन ।

(२) कटारी नगर प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विद्वतवृत्तिको संख्या र विषय खुलाई उमेद्वारहरुको आवेदनको लागि कटारी नगरपालिकाले सूचना प्रकाशित गरिनेछ ।

(३) कटारी नगर प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विद्वतवृत्ति नगरका स्थायी बासीले मात्र प्राप्त गर्न सक्नेछन् ।

(४) यस्तो विद्वत वृत्ति एक व्यक्तिलाई एक वर्षको लागि दिइनेछ ।

(५) विद्वतवृत्ति प्रदान गर्नको लागि उमेद्वारको सिफारिस तथा छनोटको अधिकार कार्यपालिकालाई हुनेछ ।

**३०.विद्वतवृत्तिको रकम**

(१) विद्वतवृत्तिको रकम नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) कटारी प्राज्ञ-परिषद्ले अन्यथा निर्णय गरेमा बाहेक विद्वतवृत्तिबाट पाउने रकम विद्वतवृत्तिमा तोकिएको अवधिसम्म हरेक महिनाको शुरुमा वा परिषदले तोके बमोजिम आवधिक रुपमा दिइेछ ।

(३) कटारी प्राज्ञ-प्रतिष्ठानबाट विद्वतवृत्ति प्राप्त गर्ने व्यक्तिलाई तोकिएको विद्वतवृत्ति बाहेक अन्य कार्यको निमित्त कुनै अर्को रकम दिइने छैन ।

**३१. विद्वतवृत्ति प्राप्त गर्ने व्यक्तिको कर्तव्य**

(१) विद्वतवृत्ति पाएका व्यक्तिले आफूले गरेको कार्यको लिखिन प्रतिवेदन प्रत्येक ३ महिनामा अध्यक्ष मार्फत प्राज्ञ-परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) विद्वतवृत्ति लिई तयार गराइएको अनुसन्धानात्मक कृतिको कम्प्युटर टाइप गरी, बाइन्ड गरेको एक प्रति र त्यसको एकथान सिडिसमेत विद्वतवृत्ति समाप्त हुने दुई हप्ता अगाडि प्राज्ञ-प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।

(३) यस सम्बन्धमा प्राज्ञ-परिषद्को कुनै निर्देशन भए सोको पालना गर्नु विद्वतवृत्ति पाउने व्यक्तिको कर्तव्य हुनेछ ।

**३२. विद्वत वृत्ति फिर्ता लिन सकिने**

विद्वतवृत्ति प्राप्त गरी कुनै व्यक्तिले प्रारम्भ गरेको कार्य सन्तोषजनक नठहराएमा निजलाई प्रदान गरिएको विद्वतवृत्ति प्राज्ञ-परिषद्ले जुनसुकै अवस्थामा पनि फिर्ता लिन सक्नेछ ।

**३३. विद्वतवृत्ति पाई तयार गरिएका कृतिहरुको प्रकाशन**

विद्वतवृत्ति पाई तयार गरिएका कृतिहरु प्रकाशित गर्न कटारी नगर प्रज्ञा-प्रतिष्ठानलाई कुनै बाध्यता हुने छैन, तर नेपाल प्रज्ञा-प्रतिष्ठानले यस्ता कृतिहरु प्रकाशित गरेमा लेखकले नियमानुसार पाउने लेखकस्व १५ प्रतिशत पाउनेछ । पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

परीच्छेद १०

## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

**३४. पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा पदाधिकारी वा सदस्यहरूको पद रिक्त हुनेछ,

क) पदावधि समाप्त भएमा,

ख) राजीनामादिई स्वीकृत भएमा,

ग) मानसिक सन्तुलन ठीक नभएको सम्वन्धित निकायबाट प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

ङ) दफा २२ अनुसार पदबाट हटेमा वा मृत्यु भएमा ।

**३५.पदबाट हटाउन सक्नेः**

१) पदाधिकारी,कार्य समिति सदस्य वा परिषद्का सदस्यले यस ऐन बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाइ परिषदमा तत्काल कायम रहेको कम्तीमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले आफ्नो राय सहित नगर कार्यपालिकामा पेस गर्नु पर्ने छ ।

२) छानबिन गरी मनासिब देखिएमा नगरप्रमुखद्वारा मनोनीतलाई नगर प्रमुखले र अन्यलाई कार्यपालिकाले पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका प्रदान गरिनेछ ।

३) ६ महिना सम्म बैठक बस्न नसकी समिति निष्क्रिय रहेमा प्रमुखले आवश्यक छानबिन गरी समिति विगठन गरी नयाँ समिति गठनका लागि कार्य पालिकामा प्रस्ताव पेस गर्न सक्नेछ ।

४) उपनियम (३) बमोजिमका प्रस्ताव कार्यपालिकालाई मनासिब लागेमा कार्यसमिति र परिषद् भङ्ग गरी यस ऐन बमोजिम नयाँ कार्य समिति र परिषद् गठन प्रक्रिया अगाडि बढाउनु पर्ने छ ।

**३६. राजीनामा सम्बन्धी व्यवस्थाः**

१) अध्यक्षले नगर प्रमुख समक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत नगर प्रमुख समक्ष राजीनामा दिन सक्नेछ ।

२)अध्यक्षले पदाधिकारी वा सदस्यका राजीनामा नगर प्रमुख समक्ष पेस गर्नेछ ।

३) नगर प्रमुखले मनोनीत सदस्यको राजीनामा स्वीकृत गर्नेछन् ।

४)कार्यपालिकाद्वारा नियुक्त पदाधिकारी र सदस्यको राजीनामा नगरप्रमुखले आफ्नो राय सहित कार्यपालिकामा पेस गर्नेछ ।

५) कार्यपालिकाले प्राप्त राजीनामाहरू स्वीकृत गर्न सक्नेछ ।

## परीच्छेद ११
## विविध

**३७. संरक्षक सम्बन्धी व्यवस्था** : नगर प्रमुख संस्थाको प्रमुख संरक्षक र उप प्रमुख संरक्षक रहने छन् ।

**३८. कर्मचारी सम्बन्धी व्यवस्था :**

१) प्रतिष्ठानमा आवश्यकता अनुसारकर्मचारीहरू रहनेछन् ।

२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति नगरपालिकाले गर्नेछ र पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**३९. वार्षिक प्रतिवेदन**

(१) प्रज्ञा-प्रतिष्ठानको प्रत्येक वर्ष आफूले गरेको कामकारवाही स्पष्ट देखिने गरी सामान्यत आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी कटारी नगर कार्यपालिकामा पालिकाका प्रमुख समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त निम्न कुराहरु उल्लेख गर्नु पर्नेछ ।

(क) प्रज्ञा-प्रतिष्ठानले वर्षभरिमा अध्ययन तथा अनुसन्धान गरेका ग्रन्थ एवम् कृतिहरुको विवरण ।

(ख) प्रज्ञा-प्रतिष्ठानले वर्षभरिमा गरेका ग्रन्थ एवम् कृतिहरुको अनुवाद एवं प्रकाशन ।

(ग) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रहरुमा भएका राष्ट्रिय, अन्तराष्ट्रिय गोष्ठि, सम्मेलन, प्रदर्शनीको विवरण ।

(घ) वर्षभरिमा राष्ट्रिय रुपमा सञ्चालित विभिन्न विधामा प्रवचन, गोष्ठि, विचार विमर्शको विवरण ।

(ङ) संघ-संस्थाहरुसँग कुनै सम्बन्ध वा समन्वय राखेको भए सोको विवरण ।

(च) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजिकशास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने नगर बासीहरुलाई प्रदान गरिएको कदर, सम्मान, पुरस्कार सम्बन्धि विवण ।

(छ) नगर प्रतिभालाई उपचारमा सहयोग पुऱ्याएको भए सोको विवरण ।

(ज) नगर भित्रका साहित्यिक पत्रिकाहरुलाई सहयोग पुऱ्याएको भए सोको विवरण ।

(झ) कटारीका विभिन्न जाति, जनजाति तथा समुदायका भाषा, साहित्य, लिपि संस्कृति तथा दर्शनको संवर्धन र संरक्षणमा सहयोग पुऱ्याएको भए सोको विवरण ।

(ञ) कटारी नगरपालिकाको सबै भाषा, विदेशी भाषा र नेपालमा बोलिने भाषामा तयार भएका, प्रकाशन भएका कुनै शब्दकोष भए सोको विवरण ।

**४०. अधिकार प्रत्यायोजन गर्न सकिने**

(१) ऐन तथा ऐन अन्तरगत बनेका नियमहरु बमोजिम तोकिएका पदाधिकारीहरुले आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार ऐनको प्रतिकूल नहुने गरी आफूमुनिका निकाय, संगठन वा पदाधिकारी वा कुनै समिति, उपसमितिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**४१.आय आर्जन गर्न सक्ने**

प्रज्ञा-प्रतिष्ठानले आफूलाई तोकिएको विषयसँग सम्वन्धित विविध कार्यक्रमहरु आयोजना गरी अर्थ सङ्कलन गर्न सकिनेछ ।

**४२.चल अचल सम्पतिको अधिकतम उपयोग गर्नु पर्ने :**

प्रज्ञा-प्रतिष्ठानले प्रतिष्ठानको चल अचल सम्पतिको अधिकतम उपयोग हुन सक्ने गरी दीर्घकालीन रुपमा आय आर्जन गर्न योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

**४३. शपथ सम्बन्धी व्यवस्था :** १) आफ्नो पदभार ग्रहण गर्न अघि पदाधिकारीर सदस्यहरूले अनुसूची-१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

२) कार्यसमितिका अध्यक्षले नगर प्रमुखबाट शपथ लिनु पर्नेछ ।

३) अन्य पदाधिकारी र सदस्यहरूले प्रमुखका उपस्थितिमा अध्यक्षबाट शपथ लिनुपर्नेछ ।

**४४.प्रतीक चिन्ह र छाप:** प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची २ बमोजिमका हुनेछ ।

**४५ नियम बनाउने अधिकार:** १) यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम, कार्यविधि बनाउनेछ ।

२) समितिले आफ्नो आचार संहिता आफैं बनाइ लागू गर्न सक्ने छ ।

**४६.खारेजी र बचाउ:**

१) यो ऐन लागू हुनु अघि भए गरेको काम यसै ऐन बमोजिम भए, गरेको मानिने छ ।

**४७. ऐन संशोधन गर्न सकिने:** समयानुकूल र आवश्यकता अनुसार नगर सभाले यो ऐन संशोधन वा हेरफेर गर्न सक्नेछ । संशोधन प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १

दफा ४३ का उपदफा २ सँग सम्बन्धित

शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि कटारी नगर प्रज्ञा प्रतिष्ठानका ………………… नाताले म…………………………… मलाई दिएका जिम्मेवारी इमानदारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला,संस्कृति,ज्ञान,विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, संवर्द्धन, सङ्कलन र श्री वृद्धिका लागि तन,मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालचा तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्ना क्षेत्रमा देश र जनताका सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थर :

पद :

दस्तखत :

मिति :

अनुसूची २

(दफा ४४ सँग सम्बन्धित)

संस्थाको छाप र चिन्ह

१. गोलाकार चिन्ह भित्र षट्कोण,

२. षट्कोणको वरिपरि नेपाली भाषामा, कटारी नगर प्रज्ञा प्रतिष्ठान,उदयपुर,कोशी प्रदेश र अङ्ग्रेजी भाषामा Katari Municipality Academy, Udayapur, Koshi Province लेखिएको हुनेछ ।

३. पुछारमा स्था.२०८१ र अङ्ग्रेजीमा Estd. 2025 AD लेखिएको हुनेछ ।

४. षट्कोणको बीचमा खुला कापीमा हातले कलम समाएर लेखिरहेको चिन्ह हुनेछ ।

**अनुसूची ३**

**दफा २१ को उपदफा ८ (क) सँग सम्बन्धित**

**बौद्धिक बैकमा जम्मा गर्ने सम्बन्धी आवेदनको ढाँचा**

श्रीमान् अध्यक्ष ज्यू                                                  मिति :

कटारी नगर प्रज्ञा प्रतिष्ठानको कार्यालय

कटारी उदयपुर,

विषय: बौद्धिक बैंकमा जम्मा गरिदिनु हुन।

महोदय,

उपर्युक्त सम्बन्धमा मैले/हामीले तपसिलको विषयमा नवीन खोज अनुसन्धान गरी सो को नतिजालाई बौद्धिक सम्पत्तिको रुपमा जम्मा गर्न आएकोछु/छौं। मेरो/हाम्रो सो निजी अनुसन्धानलाई बौद्धिक बैंकमा जम्मा गरिदिनु हुन अनुरोध छ। अध्ययन अनुसन्धानको नतिजा र सो सम्बन्धी बिवरण झुटा ठहरे कानून बमोजिम सहन/बुझाउन मञ्जुर गर्दछु/ गर्दछौं।

तपसिल

१. विषय:

२. शीर्षक :

३. शोधपत्रको सामान्य विवरण:

४. शोधको हार्ड कपी र सफ्ट कपीदुवै तीन तीन प्रति

५. भौतिक वस्तु भए सो को विवरण सहित एक थान भौतिक वस्तु

६. अन्य

निवेदक

नामथर :

दस्तखत :                                  ठेगाना :

बाबुको नाम:                                  बाजे/पतिको नाम :

उत्पत्ति सम्बन्धी अन्य बिवरण भए उल्लेख गर्ने:

अनुसूची ४

**दफा २१ को उपदफा ८ (ग) सँग सम्बन्धित**

बौद्धिक बैंकमा सम्पत्तिजम्मा गरेको प्रमाण-पत्रको ढाँचा

बौद्धिक सम्पत्ति जम्मा गरेको प्रमाण-पत्र

मिति :

को नाति/नातिनी को छोरा/छोरी श्रीमान/ श्रीमती. प्रदेश ... जिल्ला गाउँ/गाउपालिका वड़ा नं निवासी वर्ष.... का श्री नागरिकता प्रमाणपत्रनं जिल्ला वड़ा नं ........ले कटारी नगरपालिकाको बौद्धिक बैंक मा तपसिल बमोजिमको बौद्धिक सम्पत्ति जम्मा गर्नुभएकाले दाखिला प्रमाण-पत्रप्रदान गरिएको छ।

तपसिल

विषय:

शीर्षक:

खोज अनुसन्धानको सामान्य विवरण :

दाखिला मिति :

अनुसूची ५

**दफा २१ को उपदफा ११ (ग) सँग सम्बन्धित**

उत्प्रेरक बन्न चाहनेको आवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू

कटारी नगर प्रज्ञा प्रतिष्ठानको कार्यालय

कटारी,उदयपुर ।

विषय : उत्प्रेरक तालिममा सहभागी हुन पाउँ।

महोदय,

उपर्युक्त सम्बन्धमा कटारी नगरपालिका वडा नं. ........ टोल निवासी मलाई कटारी नगरपालिकाले कटारी नगर प्रज्ञा-प्रतिष्ठान मार्फत संचालन गर्ने उत्प्रेरक तालिममा प्रतिष्ठानको नियम अनुसार समावेश हुने अवसर प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

आवेदक

दस्तखत :

नामथर :

संलग्न कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. कटारी नगरपालिकामा स्थायीबसोवास गरेको प्रमाण-पत्रको प्रतिलिपि

३. कम्तिमा स्नातकतह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताका प्रमाण- पत्रहरुका प्रतिलिपिहरु ।

४. कबुलियत फाराम

अनुसूची ६

**दफा २१ को उपदफा ११ (ज) सँग सम्बन्धित**

उत्प्रेरक बन्न पूरा गर्नु पर्ने प्रक्रिया

१. उत्प्रेरक बन्ने आवेदन :
२. कबुलियत फाराम :
३. भाषामा राम्रो दखल भएको :
४. स्पस्ट बोली , बौद्धिक ज्ञान र क्षमता भएको :
५. सहभागी प्रतिक्रियामा कम्तिमा ६० अंक प्राप्त गरेको :
६. कम्प्युटर सीप भएको :
७. कटारी नगरपालिका भित्र स्थायी बसोबास भएको :
८. २५ वर्ष पुगी ५० वर्ष ननाघेको
९. कम्तिमा स्नातकतह वा सो सरह उत्तीर्ण गरेको :
१०. सदाचारी हुनुपर्ने धुम्रपान, मद्यपान, लागूऔषध सेवन नगर्ने)
११. दीर्घ र गम्भीर प्रकृतिको रोग नलागेको :
१२. कम्तिमा १० वर्ष कटारी नगर क्षेत्र भित्र बसोबास गर्ने योजना भएको ।